प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २५७ ॥ २०८२ मंसिर ०१ गते सोमबार (17th Nov 2025 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

## कांग्रेसको इज्जत जोगाइदिने गुरुङ रुँदै राप्रपामा गए

झापा(प्रस)। बिर्तामोड नगरपालिकाको अरु वडामा नेपाली कांग्रेसले हार्दै गर्दा १० नं वडाले स्थानीय तहको निर्वाचनमा दुईपटक पार्टीको इज्जत जोगाइदिएको । कांग्रेसका वडा सभापति गुरूङसहित एक दर्जन बढी कार्यकर्ता राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपामा पार्टी प्रवेश गरेका हुन्। राप्रपा प्रवेश गर्नेहरुमा कांग्रेसका क्षेत्रीय सदस्य छविराम



थियो । कांग्रेसका तर्फबाट दुर्योधन गुरुङलाई बिर्तामोड १० मा लगातार दुईपटक वडाध्यक्षमा जिताउन कांग्रेसका वडा सभापति मदन गुरुङले दह्रो गरी काँध हालेका थिए । कांग्रेसका तिनै कर्मठ सिपाही आइतवार रुँदै पार्टी परित्याग गरी राष्ट्रिय प्रजातन्त्र पार्टीमा प्रवेश गरेका छन् आचार्य , क्रियाशील सदस्यहरू भोलानाथ भट्टराई, पुकार अर्याल, हरि उप्रेती, भिम थापा,कुमार गुरूङ लगायत छन्। राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनको निवास हल्दीबारी १ मा आइतवार बिहानै कांग्रेस र एमालेका कार्यकर्ता पार्टी परित्याग गरी राप्रपामा गएका हुन् ।

पार्टी परित्याग गरेका गुरुङले १० वर्ष कांग्रेसको वडा सभापति चलाएका थिए । बाबु बाजेदेखि नै गुरुङ परिवारले कांग्रेसको राजनीति गर्दै आएका थिए । आखिर किन उनीहरुले कांग्रेस छोड्नु पऱ्यो त ?

पार्टी परित्याग गर्नेहरुको एउटै पीडा छ -नेताहरुको दबदबा सहन नसकेर पार्टी छोड्न बाध्य बन्यौं । वर्षौदेखि काम गरेको पार्टी छोड्नु पर्दा गुरुङको मन निकै दुखेको छ । 'रुँदै रुँदै आँशु झार्दै मैले कांग्रेस छोडे' उनले भने,' आफ्नो कथा र व्यथा कसलाई सुनाउनु ?' आफू २०७४ सालदेखि पार्टीभित्र अपहेलित भएको उनले गुनासो सुनाए ।

चाकडीवाज र झोले राजनीतिबाट कांग्रेस जकडिएको कार्यकर्ताहरुको गुनासो छ । झापा क्षेत्र नं ३ मा पर्ने बिर्तामोड १० मा कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको एकलौटी प्रभाव रहेको छ । उनको आशीर्वाद विना कार्यकर्ता टिक्न गाह्रो पर्ने बताइन्छ । कांग्रेसका अरु पनि असन्तुष्ट कार्यकर्ताहरुले पार्टी परित्याग गर्न लागेको जनाइएको छ । पार्टी परित्याग गर्ने मदन गुरुङ वडाध्यक्ष दुर्योधन गुरुङका भाइ हुन् ।

## दुर्गा प्रसाईं संरक्षक रहने गरी नागरिक बचाउ दल दर्ता

झापा(प्रस) । राष्ट्, राष्ट्रियता, धर्म संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाई संरक्षक रहने गरी नागरिक बचाउ दल नेपाल दर्ता भएको छ।

आइतबार निर्वाचन आयोगमा सभापति माधव खतिवडा (कल्पित) को नेतृत्वमा दल दर्ता भएको हो। प्रसाईंलाई रोल मोडल मानेर निर्वाचन आयोगमा दल दर्ता भएको हो । आफू सभापति भए पनि पार्टीको मुख्य व्यक्ति दुर्गा प्रसाईं नै भएको कल्पितले बताएका छन् । कल्पितसहित पार्टीका सदस्यहरुले आइतबार बिहान निर्वाचन आयोगमा गएर सनाखत गरिसकेका छन् । उनीहरुको नागरिक बचाउ दल नेपालको दर्ता नम्बर ६३० छ ।

मंसिर ७ गतेदेखि देशव्यापी आन्दोलन घोषणा गरेका प्रसाईंको अभियान समूहलाई सरकारले वार्तामा बोलाएको छ । २७ बुँदे माग राखेका प्रसाईँको नागरिक बचाउ महाअभियानले दल दर्ता गरेर निर्वाचनको लागि तयारी पनि सँगसँगै अगाडी बढाएको कल्पितले बताए ।

पार्टीको उपसभापतिमा ईश्वरीप्रसाद भट्टराई र देवीप्रसाद संग्रौला छन्। महामन्त्री प्रेमकुमार थाम्सुहाङ, सहमहामन्त्री विष्णु बोहरा क्षेत्री, कोषाध्यक्ष सुष्मा रेग्मी रिजाल र प्रवक्ता प्रेम थापा मगर छन् । पार्टीका सभापति खतिवडा र महामन्त्री थाम्सुहाङ प्रसाईंकै जिल्ला झापाका हुन्। निर्वाचन आयोगमा २७ सदस्यीय समिति पठाइएको छ । आयोगले ९ गतेसम्ममा दलदर्ताको प्रमाण पत्र दिने तयारी गरेको छ । त्यस्तै सदस्यहरूमा रामकुमार कार्की,प्रविन लामा,शक्तिराज शाही,दिवाकरमान सिंह बस्नेत,लुजा राई,रेनुकादेवी खरेल,तुलसाकुमारी खत्री,राजेन्द्रबहादुर दमाई,बिजय थापा,तेजेन्द्र रायमाझी,हरदेव महत्तो,बलबहादुर तामाङ,नवराज दुलाल,दानुमाया थापा,रेणु हमाल शाही,दिनेश पाखिन,राजु श्रेष्ठ,पुष्पराज भण्डारी,सुरेन्द्रकुमार कार्की कमलामाया क्षेत्री रहेका छन् ।

'हाम्रो दल दुर्गा प्रसाईंको विचार, लक्ष्य र उद्देश्य प्राप्तिका लागि हो,' कल्पितले भने, 'उहाँ (प्रसाईं) संरक्षक रहनुहुन्छ।'

पछि प्रसाईंलाई संरक्षकको रूपमा केन्द्रीय कमिटीबाट अनुमोदन गरिने पनि उनले जानकारी दिए। यो पार्टीको चुनाव चिह्न दुई पाइला रहेको छ।

## हात्तीबाट सावधान रहन गस्ती र माइकिङ

मेचीनगर(प्रस ) । डिभिजन वन कार्यालय झापाले पूर्वपश्चिम राजमार्गको उत्तर क्षेत्रमा हात्तीबाट सावधान रहन सर्वसाधारणलाई अपिल गर्दै गस्ती र माइकिङ गर्न सुरु गरेको छ ।

मोरङबाट २५ देखि ३० को संख्यामा हुल बाँधेर बच्चासहित हात्तीको बथान झापा प्रवेश गरेपछि स्थानीयवासीलाई जानकारी दिँदै सचेतना अपनाउन आग्रह गरेर माइकिङ सुरु गरेको डिभिजन वन कार्यालय झापाका प्रमुख भरतबाबु श्रेष्ठले बताए । उनका अनुसार डेढ बर्षअघि मेचीनगर –४ बाहुनडाँगीको प्रसाद गौडा हुँदै ५०/६० वटा हात्तीको बथान नेपाल प्रवेश गरेका थिए ।



तीमध्ये करिब एक बर्ष अघि ३० वटा हात्ती भारततर्फ नै फर्किएका थिए भने बाँकी हात्ती मोरङ र सुनसरीको वन क्षेत्रमा रहेका थिए । तिनै हात्ती भारततर्फ फर्कने क्रममा झापा आइपुगेका कारण स्थानीयलाई सुरक्षित रहनका लागि डिभिजन वन कार्यालयले गस्ती र माइकिङ गरिरहेको उनले जानकारी दिए । सो हात्तीको बथान आइतवार शिवसताक्षीस्थित रतुवामाई बृक्षारोपण वन क्षेत्रमा रहेको उनले बताए । उनले भने "धनजनको क्षति नहोस् भन्ने उद्देश्यले हात्ती रहेका पालिकामा रात्रीकालीन गस्ती र माइकिङ गरिरहेका छौं ।"

उनले हात्ती कुन क्षेत्रतर्फ गइरहेका छन् भनेर वन कार्यालयले रेखाङ्कन गर्दै सोही क्षेत्रमा गस्ती गरिरहेको बताए । उनका अनुसार हात्ती दिनभर सामुदायिक वनक्षेत्रमा बस्ने र राति मात्र हिंड्ने गरेका छन् ।

प्रमुख श्रेष्ठले आइतवार र सोमवारसम्ममा बाहुनडाँगीको प्रसाद गौडा हुँदै हात्ती भारततर्फ नै फर्कने आँकलन गरेको जानकारी दिएका छन् ।

### कतारको घामदेखि दूधेको बजारसम्म
## एउटा रैथाने सफलताको गाथा

• शान्तिराम बस्नेत

दूधेको सानो बजारमा बिहानैदेखि एउटा पसलबाट टन्-टन् हथौडाको मीठो आवाज गुञ्जन्छ । पसलभित्र पस्दा एकाग्रताका साथ काममा डुबेका एकजना कारीगरको झलक देखिन्छ । उनी हुन् शेरसिंह जबेगू - एक साधारण गाउँलेबाट असाधारण सीपको धनी बनेको मानिस, जसको कथा विदेशी धर्तीको पसिना र आफ्नै माटोको मायाको अद्भुत गाँठो हो ।

शेरसिंहको जीवनयात्रा पूर्वी नेपालको पथरीबाट सुरु भएको थियो । साधारण परिवारमा जन्मिएका शेरसिंहले जीवनको उकालो ओरालो नजिकैबाट चिनेका थिए । रोजीरोटीको खोजीमा उनले पनि हजारौं नेपालीले हिँडेको बाटो रोजे - विदेशको बाटो । तर उनको यात्रा अरूभन्दा अलि फरक थियो किनभने उनी केवल पैसा कमाउन मात्रै होइन, केही नयाँ सीप सिक्न पनि गएका थिए । विदेशी भूमिको चर्को घाममा बीस वर्ष - १० वर्ष कतार र १० वर्ष बहराइनमा बिताउनु भनेको सामान्य कुरा होइन । तर शेरसिंहले यो समयलाई आफ्नो जीवनको सबैभन्दा मूल्यवान लगानीको रूपमा लिए । निर्माण कम्पनीमा फोरम्यानको काम गर्दै उनले व्यवस्थापन सिके, मान्छे सम्हाल्न सिके । तर साँच्चै रमाइलो कुरा त यसपछि थियो ।

कम्पनीमा निर्माणको काम मात्र होइन, जुत्ता बनाउने काम पनि हुन्थ्यो । यो देखेर शेर सिंहको मनमा एउटा नयाँ चाहना जाग्यो । "यो सीप सिकेको भए कति राम्रो हुन्थ्यो," उनले सोचे र त्यो सोचाइ बिस्तारै सपना बन्यो, सपना योजना बन्यो र योजना कार्यमा परिणत भयो । कम्पनीको नियम अनुसार कामदारहरू स्वदेश फर्किनुअघि कुनै न कुनै सीप सिक्नुपर्ने हुन्थ्यो ।

शेरसिंहका लागि यो नियम एउटा सुनौलो अवसर बन्यो । फोरम्यानको काम गर्दागर्दै उनले जुत्ता बनाउने कला सिक्न थाले । फुर्सदका बेलामा, बिदाका दिनहरूमा उनी जुत्ता बनाउने कामदारहरूसँग बस्थे, हेर्थे, सिक्थे र अभ्यास गर्थे । बहराइनमा बिताएका दश वर्ष उनका लागि विशेष रह्यो । यहाँ उनले जुत्ता बनाउने कलामा दक्षता हासिल गरे । हरेक टाँका, हरेक काट, हरेक डिजाइन - सबै कुरा उनका औंलाहरूले रगतमा मिसाए ।

"विदेश गएर बसेपनि पछुतो लागेन," शेरसिंह मुस्कुराउँदै भन्छन् । साँच्चै पनि, उनको यो भनाइ केवल शब्द मात्र होइन, यो उनको



जीवनको सफलताको जीवन्त प्रमाण हो । विदेशका ती बीस वर्षले उनलाई दुईवटा अनमोल उपहार दिए - पहिलो, दूधेमा आफ्नै घर किन्न सक्ने आर्थिक स्थिरता र दोस्रो, जीवनभरि काम लाग्ने सीप । आज जब धेरै विदेशबाट फर्केकाहरू रोजगारीको अभावमा फेरि बाहिर जाने सोचाइमा छन्, शेरसिंह आफ्नै देशमा, आफ्नै घरमा, आफ्नै व्यवसायमा रमाइरहेका छन् । उनको कथाले प्रमाणित गर्दछ कि विदेश जाने भनेको केवल पैसा कमाउनु मात्र होइन, त्यहाँबाट सीप र अनुभव बटुल्नु पनि हो ।

विदेशबाट फर्केपछि शेरसिंहले दूधेमा आफ्नो सानो पसल खोले । तर यो कुनै साधारण पसल थिएन । यो थियो नेपाली सीप, गुणस्तर र इमान्दारिताको जिउँदो प्रतीक । उनले आफ्नो ब्रान्डलाई "खेसे" नाम दिए - एउटा प्यारो शब्द जसले स्थानीय, भरपर्दो र आफ्नै कुरालाई जनाउँछन्। पूर्वका सहरहरूमा बजार फैलिँदै जाँदा शेरसिंहको रैथाने जुत्ताले पनि आफ्नो मीठो ठाउँ बनाउन थाल्यो । तर उनको व्यवसायको खासियत के हो भने, यो केवल नाफाको लागि होइन, सेवाको भावनाले गरिएको काम हो ।

शेरसिंहको व्यवसायको सबैभन्दा मन छुने पक्ष हो विद्यार्थीहरूप्रति उनको नरम मन । "विद्यार्थीहरूलाई निकै सुलभ दरमा जुत्ता दिन्छु," उनी गर्वका साथ भन्छन् । उनलाई राम्ररी थाहा छ कि नेपाली परिवारका लागि छोराछोरीको पढाइ नै सबैभन्दा ठूलो लगानी हो र राम्रो जुत्ता शिक्षाको एउटा महत्वपूर्ण आवश्यकता हो । बजारमा ब्रान्डेड जुत्ताहरू हजारौंमा बिक्री भइरहँदा शेरसिंहले विद्यार्थीहरूलाई सुलभ मूल्यमा गुणस्तरीय जुत्ता उपलब्ध गराउँछन् । यो केवल व्यवसाय होइन, यो त समाजप्रतिको दायित्वबोध हो ।

शेरसिंहको व्यवसायको अर्को सुन्दर पक्ष हो गुणस्तरप्रतिको उनको अटल प्रतिबद्धता । उनी आफूलाई चाहिने सबै कच्चा सामान सिधै काठमाडौंबाट ल्याउँछन् । "बजारमा पाइने जुत्ताभन्दा मेरा जुत्ता गुणस्तरीय र टिकाउ छन्," उनी विश्वासका साथ भन्छन् र यो केवल भनाइ मात्र होइन । उनका ग्राहकहरूले नै यसलाई प्रमाणित गर्छन् । एकपटक उनको जुत्ता लगाएर हिँडेको मान्छे फेरि उनैकहाँ फर्कन्छ । उनको सेवाको अर्को राम्रो पक्ष हो - मर्मत सेवा । "जुत्ता बिग्रिएमा फेरि ल्याएर बनाइदिन्छु,"। यो प्रतिबद्धता आजको 'प्रयोग गर र फ्याँक' को युगमा साँच्चै दुर्लभ छ ।

भगीहाङ नेम्बाङ, जो लिम्बू समुदायका एक सम्मानित व्यक्तित्व हुन्, शेरसिंहको कार्यको भरिभरि प्रशंसा गर्छन् "लिम्बू समुदायमा यस्तो किसिमको कार्य गर्ने कम छन्," उनी थप्छन् "शेरसिंहले आफ्नो समुदायका युवाहरूका लागि एउटा नयाँ बाटो देखाएका छन् - परम्परागत व्यवसायभन्दा फरक तर उत्तिकै सम्मानजनक र लाभदायक । उनको सफलताले युवा पुस्तालाई मीठो सन्देश दिन्छ कि सीप र मेहनतले कुनै पनि क्षेत्रमा सफलता पाउन सकिन्छ । जातजाति, परम्परा वा समाजको अपेक्षाले मान्छेको क्षमतालाई बाँध्नु हुँदैन ।"

शेरसिंहको रैथाने "खेसे" ब्रान्डले बजारमा राम्रो छाप छाडिरहेको छ । मुखैमुख प्रचार, गुणस्तरीय उत्पादन र ग्राहकमैत्री सेवाले गर्दा उनको व्यवसाय फस्टाउँदै गएको छ । पूर्वका विभिन्न सहरबाट मान्छेहरू उनको पसलमा आउने गर्छन् । तर शेरसिंहका लागि सफलताको अर्थ फरक छ । उनका लागि सफलता भनेको बैंक ब्यालेन्स मात्र होइन, ग्राहकको मुस्कान हो । उनका लागि उपलब्धि भनेको ठूलो पसल मात्र होइन, समाजमा इज्जतको ठाउँ हो ।

❖ बाँकी पृष्ठ ३ मा



# ५७ करोड बढीका तयारी कपडा आयात

• लक्ष्मी उप्रेती

मेचीनगर । नेपाल प्रवेशको पहिलोद्वार काँकरभिट्टा हुँदै आयात हुने मुख्य दश वस्तुमध्ये तयारी कपडा दोस्रो स्थानमा रहेको छ । चालु वर्ष २०८२/८३ को पहिलो तीन महिनामा काँकरभिट्टा नाकाबाट ५७ करोड रुपैयाँबढीका तयारी कपडा आयात भएका छन् । साउनदेखि असोजसम्म यस नाकाबाट ५७ करोड ३७ लाख ६० हजार रुपैयाँ मूल्य बराबरका ३७ लाख ६२ हजार सात थान तयारी कपडा नेपाल भित्रिएको मेची भन्सार कार्यालय काँकरभिट्टाको तीन महिने अभिलेखले देखाएको छ ।

तयारी कपडामा महिला, पुरुष र बालबालिकाले लगाउने सबैखाले पोशाक पर्छन् । तीन महिनाको अवधिमा नाकाबाट सबैभन्दा बढी आयात हुने १० सामग्रीको सूचीमा तयारी कपडा दोस्रो नम्बरमा छ । यसबाट २१ करोड २३ लाख २१ हजार रुपैयाँ राजस्व संकलन भएको भन्सार कार्यालयले जनाएको छ । कूल राजस्व संकलनमा मुख्य दश वस्तुको योगदान हेर्दा तयारी कपडाको योगदान ५ दशमलव ११ प्रतिशत रहेको छ ।

पहिलो नम्बरमा पेट्रोलियम पदार्थ रहेको छ । यो अवधिमा चार अर्ब ४८ करोड ४५ लाख ६८ हजार रुपैयाँ मुल्य बराबरको ६५ लाख ३७ हजार तीन सय ३६ किलो लिटर पेट्रोलियम पदार्थ आयात गर्दा दुई अर्ब २० करोड ६८ लाख ६२ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । कूल राजस्व संकलनमा मुख्यः दश वस्तुको योगदान पेट्रोलियम पदार्थबाट सवैभन्दा बढी ५३ दशमलव १५ प्रतिशत रहेको छ ।

कपडा सस्तोदेखि महँगोसम्म सबै उमेरका ग्राहकलाई मिल्दो हुँदा माग र आयात दुवै बढेको व्यवसायीहरुको भनाई छ । आयातित तयारी कपडाले नेपालका अधिकांश बजारमा पहुँच कायम गरेको आयातकर्ताहरुको भनाइ छ । नेपाली व्यवसायीहरुले पनि चिनियाँ तयारी कपडा, चीन, थाइल्याण्ड हङकङबाट आयात भएका तयारी कपडा बढी विक्री गर्ने गरेका छन् । उपभोक्ताको आँखा सबैभन्दा पहिला चिनियाँ तयारी कपडामा ठोक्किने भएकाले यहाँका अधिकाँश कपडा पसलहरुमा चिनियाँ तयारी कपडामै मोलमोलाइ हुने मेचीनगर–६ काँकरभिट्टाका असलेसा फेन्सी स्टोरका सञ्चालक देवेन्द्र शिवाकोटीको भनाइ छ ।

कुनै बेला चीन र बैंककका मात्रै कपडाले भरिने पसलमा पछिल्लो समय भारत तथा अन्य मुलुकमा उत्पादित तयारी कपडाले स्थान बनाउँदै लगेको उनले बताए । 'महिला तथा पुरुषलगायत बालबालिकाहरुले लगाउने चिनियाँ जिन्स पाइन्ट, टिसर्ट, स्विटर, ज्याकेट तथा मौसम अनुसारका नेपाली बजारमा सबैभन्दा बढी खपत हुने तयारी कपडा हुन् ।' शिवाकोटीले भने । स्वदेशी उत्पादनको तुलनामा विदेशी उत्पादन नै बजारको पहिलो रोजाइ भएको उनले थपे ।

हरेक दशैको अवधिमा उनले दुईदेखि पाँच लाख रुपैयाँसम्मको कारोवार गर्ने गरेको बताउँदैं शिवाकोटीले भने–'२५ प्रतिशतमात्र स्वदेशी उत्पादन विक्री हुने गरेको छ ।' अधिकाँश ग्राहकको रोजाईमा विदेशमा उत्पादन भएका कपडा पर्ने गरेको उनले बताए । चिनियाँ कपडा सस्तोदेखि महँगोसम्म सबै उमेरका ग्राहकलाई मिल्दो हुँदा माग र आयात दुवै बढेको उनी बताउँछन् ।

निम्न आय भएका ग्राहकदेखि मध्यम वर्गलाई लक्षित गरेर ननब्रान्डेड र ब्रान्डेड दुवै खाले कपडा चीनबाट आयात हुन्छ । त्यसैले चिनियाँ तयारी कपडाले नेपालका अधिकांश बजारमा पहुँच कायम गरेको हर्क फेन्सी पसल मेचीनगर –६ काँकरभिट्टाका सञ्चालक हर्कबहादुर फियाक लिम्बूले बताए । चिनियाँ लत्ताकपडाको मूल्य, गुणस्तर र डिजाइन निकै लोकप्रिय भएकाले पनि ग्राहकले सहजै यस्ता कपडा रोज्ने गरेको उनले बताए । उनको पसलमा स्वदेशी भन्दा बढी आयातित कपडा विक्री हुने गरेको छ । काठमाडौं र स्थानीय होलसेलबाट खरिद गर्ने गरेका छन् । उनको पसलबाट अधिकाँश थाइल्याण्ड, चीन, हङकङमा उत्पादित कपडा विक्री हुने गरेको छ । स्वदेशी उत्पादन न्यून परिमाणमा विक्री हुने लिम्बूले सुनाए । जाडो, गर्मी वा जुनसुकै अवस्थाअनुसारको स्तरीय तयारी पोशाक आयात हुने गरेका कारण स्वदेशी उत्पादन संकटमा पर्ने गरेका छन् ।

चीनबाट ल्याएको कपडा नेपाली कम्पनीले तयार गरेको भन्दा स्तरीय, सस्तो र रुचाइने डिजाइनका छन्, त्यही भएर पनि तयारी कपडामा चीनकै मुख ताक्नुपर्ने अवस्था रहेको व्यवसायीहरुको भनाइ छ । मौसमअनुसारको सबैखाले तयारी पोशाक विदेशी गार्मेन्टबाटै बजारमा उपलब्ध भएको व्यापारीको भनाइ छ । पछिल्लो समय नेपालको तयारी कपडाको बजार समेत राम्रो रहेको बताइएको छ । आयातितभन्दा सस्तो मूल्यका कारण पनि बजारमा स्वदेशी कपडाको प्रयोग बढेको व्यवसायीको भनाइ छ ।

विदेशी बजारले धानेको मागलाई सम्बोधन गर्ने तहमा नेपाली बजार पुगेको तर यसलाई सरकारको संरक्षण चाहिएको नेपाली कपडा उद्योगीहरुको भनाइ छ । विदेशबाट नेपाल आयात भएका कपडा सस्तो हुने भएकाले ग्राहकको रोजाई त्यतै पर्ने छ । नेपाली कपडा उद्योगी विदेशबाट सामान भित्रिने प्रथा रोकिनु पर्नेमा जोड दिन्छन् ।

गर्मी सकिँदै गरेको जाडो सुरु भएका कारण अहिले जाडोका कपडा र दशैंअघि पुरुष तथा महिलाका लागि हलुका खालका तयारी पोशाकको माग बजारमा उच्च रहेको व्यवसायीहरुले बताएका छन् । अहिले महिला पुरुष दुवैका लागि हुने टिसर्ट, कटन तथा हलुका कटराइज पाइन्ट, सर्ट, जिन्सका कपडा र हुडीदेखि विनचिटरको माग धेरै रहेका कपडा पसल सञ्चालकले जनाएका छन् ।

# बाहिरिनेभन्दा भित्रने रकम दुई खर्ब ६४ अर्ब बढी

झापा(प्रस) । चालु आर्थिक वर्ष २०८२/८३ को तीन महिना (साउनदेखि असोज) सम्म मुलुकबाट बाहिरिनेभन्दा भित्रने रकम दुई खर्ब ६४ अर्ब रूपैयाँले




बढी भएको छ। यसलाई भुक्तानी सन्तुलन तथा शोधानान्तर बचत समेत भनिन्छ।
आर्थिक वर्ष २०८१/८२ को तीन महिनामा मुलुकबाट बाहिरिनेभन्दा भित्रने रकम एक खर्ब ८४ अर्ब रूपैयाँले बढी थियो।
मुलुकले गर्ने आम्दानी, विदेशी सहायता, प्रत्यक्ष वैदेशिक लगानी लगायत सबै गरेर बाहिरिने रकम भन्दा भित्रने रकम धेरै भएको हो।
आर्थिक वर्ष २०७८/७९ को असोजदेखि मुलुक भुक्तानी सन्तुलनमा आउन थालेको हो।
रेमिटेन्समा भइरहेको वृद्धि, पर्यटक आगमनबाट बढेको आम्दानी, प्रत्यक्ष वैदेशिक लगानीमा भएको सुधार लगायतले मुलुकको आम्दानी बढेको छ।

यसको अनुपातमा आयातमा सामान्य मात्रै सुधार देखिएको कारण पनि भुक्तानी सन्तुलन देखिएको हो।

आयात बढेपनि चालु खाता दुई खर्ब ३७ अर्ब रूपैयाँ नाफामै छ। गत आर्थिक वर्षको यो अवधिमा भने नाफा एक खर्ब १५ अर्ब रूपैयाँ थियो।

वार्षिक आधारमा सात वर्षपछि आर्थिक वर्ष २०७९/८० बाट मुलुकको चालु खाता नाफामा देखिन थालेको हो। यस्तो खाता आर्थिक वर्ष २०७३/७४ देखि नोक्सानमा रहँदै आएको थियो। चालु खातालाई मुलुकको खुद आम्दानीको रूपमा समेत हेरिन्छ।

# विदेशमा मतदान केन्द्र तोक्न अध्यादेशको तयारी

झापा(प्रस)। मतदाता नामावलीमा नाम समावेश भई विदेशमा रहेका नेपाली नागरिकका लागि सम्बन्धित देशको दूतावास, नियोगमा मतदान केन्द्र तोक्न सक्ने गरी सरकारले अध्यादेशको प्रक्रिया अघि बढाएको छ ।

गृह मन्त्रालयले तयार पारेको अध्यादेशको मस्यौदा सरोकारवालाको सुझावपछि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको छ । प्रस्तावित व्यवस्था अनुसारको अध्यादेश जारी भई कार्यान्वयनमा आए विदेशमा रहेका नागरिकले समानुपातिकतर्फको मत दिन पाउने छन् ।

पछिल्लो पटक विदेशमा रहेकासँगै नेपालमै तर फरक निर्वाचन क्षेत्रमा रहेकालाई पनि मतदान गर्न दिने गरी गृहकार्य भइरहेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले विदेशमा रहेकासँगै फरक निर्वाचन क्षेत्रमा रहेका नागरिकलाई पनि मतदानमा सहभागी गराउने गरी अध्यादेशको मस्यौदा भएको बताए । अर्यालले भने, "आउट अफ कन्ट्रीसँगै आउट अफ कन्स्टिच्युयन्सी' का मतदातालाई निर्वाचनमा सहभागी गराउने हाम्रो प्रयास छ । अध्यादेशको मस्यौदा कानुन मन्त्रालयमा पठाइसकेका छौँ ।"
कानुन मन्त्रालयमा पठाइएको अध्यादेश आवश्यक परिमार्जनपछि सम्बन्धित मन्त्रालयमा पठाइने छ ।
मन्त्रीपरिषद्ले स्वीकृत गरेपछि राष्ट्रपतिबाट जारी हुने प्रक्रियामा जाने छ । तयारी अनुसार अध्यादेशले आउँदो सातासम्म अन्तिम रूप पाउने छ ।

प्रस्तावित व्यवस्था अनुसार चार ऐन संशोधन हुने छन् । निर्वाचन आयोग, मतदाता नामावली, निर्वाचन कसुर तथा सजाय र प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अध्यादेशले संशोधन गर्ने छ ।
समानुपातिकतर्फको मतदान गर्न पाइने सहभागी प्रस्तावित व्यवस्था अनुसार मतदाता नामावलीमा नाम भएका र विदेशमा भएका नागरिकले समानुपातिकतर्फको मतदानमा सहभागी हुन पाउने छन् । नेपालभित्र रहेका तर अर्को निर्वाचन क्षेत्रमा रहेकालाई पनि समानुपातिकमा मत दिने व्यवस्था गर्ने छलफलमा छ ।

अध्यादेशको मस्यौदामा भने उक्त व्यवस्था समेटिएको छैन ।
अध्यादेश अनुसार मतदाता नामावलीको प्रमाणीकरण दूतावास तथा नियोगले गर्ने छन् तर कार्यविधि मस्यौदामा उल्लेख भने गरिएको छैन । दूतावासलाई नै मतदान केन्द्र निर्धारण गर्ने तयारी गरिएको छ । नेपाल सरकारले त्यहाँ कार्यरत कर्मचारीलाई मतदान अधिकृत तोक्ने व्यवस्था प्रस्तावित छ ।

विदेशमा रहेका मतदातालाई मतदानमा सहभागी गराउने गरी कानुन बनाउन दशकअघि नै सर्वोच्च अदालतबाट आदेश जारी भएको थियो । मतदान कठिनाइ भएकाले आदेश कार्यान्वयन गर्न नसकिने यसअघि सरकारले बताइरहेको थियो । पछिल्लो पटक जेनजी आन्दोलनपछि गठित सरकारले भने कानुन निर्माणको प्रक्रिया अघि बढाएको हो ।

# अमेरिकामाथि फराकिलो जित निकाल्दै नेपाल सेमिफाइनलमा

झापा(प्रस) । अमेरिकामाथि १० विकेटको फराकिलो जित निकाल्दै नेपाल दृष्टिविहिन महिला टी-ट्वान्टी विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको खेलमा अमेरिकाले दिएको १८ रनको लक्ष्य नेपालले ४ बलमै कुनै पनि विकेट नगुमाइ पूरा गर्यो । नेपालका लागि दिलसरा धमलाले अविजित १२ रन बनाइन् । त्यसअघि, टस जितेर ब्याटिङको निम्तो पाएको अमेरिका ९.४ ओभरमा १७ रनमै समेटिएको थियो।
अमेरिकाका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । नेपालका लागि दिलसरा धमलाले ३ र सुनिता घिमिरेले १ विकेट लिए । दृष्टिविहिन क्रिकेटमा यो हालसम्मको सबैभन्दा कम रन थियो। यसअघि सन् २००६ मा वेस्ट इन्डिजले पाकिस्तानविरुद्ध बनाएको २१ रन दृष्टिविहिन क्रिकेटमा सबैभन्दा कम योगफल थियो । तेस्रो जितसँगै नेपालले चार खेलबाट ६ अंक जोडेको छ । यसअघि नेपालले पहिलो खेलमा श्रीलंकालाई ९ विकेटले हराएको थियो र अस्ट्रेलियालाई ८ विकेटले पराजित गरेको नेपालले भारतसँग ८५ रनले पराजित भएको थियो ।

## कतारको ...

शेरसिंह जबेगूको कथा हजारौं नेपालीहरूका लागि प्रेरणाको मीठो स्रोत हो । विदेश जाने, कमाउने, फर्कने र आफ्नै देशमा केही गर्ने - यो सपना हरेक विदेशिने नेपालीको हुन्छ । तर शेरसिंहले यो सपनालाई साकार पारेका छन् । उनको कथाले सिकाउँछ कि विदेश केवल पैसा कमाउने ठाउँ मात्र होइन, सीप सिक्ने विद्यालय पनि हो । उनको अनुभवले देखाउँछ कि इमान्दारिता र मेहनतसँग गरिएको काम सधैं फलिफाप हुन्छ । उनको सफलताले बताउँछ कि नेपालमा पनि अवसर छन्, बस हामीले आफ्नो सीप र लगनशीलता देखाउनुपर्छ ।

आज जब नेपालका लाखौं युवा विदेशको सपना देखिरहेका छन्, शेरसिंहको कथाले उनीहरूलाई एउटा महत्वपूर्ण सन्देश दिन्छ - विदेश जाऊ, सीप सिक, अनुभव बटुल, तर फर्कने बाटो र स्वदेशमा केही गर्ने योजना पनि मनमा राख । दूधेको त्यो सानो पसलबाट आउने हथौडाको मीठो आवाज, चामडाको सुगन्ध र शेरसिंहको न्यानो मुस्कान - यी सबै मिलेर एउटा सुन्दर कथा बुन्छन् । रैथाने "खेसे" ब्रान्डको यात्रा जारी छ र यो यात्रा हरेक नेपालीका लागि गर्व र प्रेरणाको विषय हो । यो कथा सुनाउँछ कि केवल ठूला सपना मात्र होइन, साना सीप पनि जीवन बदल्न सक्छन् ।

## कनकाई बहुउद्देश्यीय भवन निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धित सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०८/०१)

कोशी प्रदेश, झापा जिल्ला, कनकाई नगरपालिका वडा नं. ३ मा कनकाई नगरपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा, कोशी प्रदेश<br>सम्पर्क नं. : ०२३४०११५५, १६०२३४५००० <br>इमेल : info@kankaimun.gov.np |
| प्रस्तावको व्यहोरा | कनकाई बहुउद्देश्यीय भवन निर्माण कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | कनकाई नगरपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, झापा, कोशी प्रदेश<br>सम्पर्क नं. : ०२३४०११५५, १६०२३४५०००<br>इमेल : info@kankaimun.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | धौला ईन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा. लि.<br>ठेगानाः बिर्तामोड-३, झापा, कोशी प्रदेश<br>सम्पर्क व्यक्तिः पर्वत तामाङ्ग<br>इमेलः dhaula.birtamode@gmail.com<br>सम्पर्क नं.: ९८६२७४७१८८ |

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला, अर्जुनधारा नगरपालिका वार्ड नं.-०५, मा बस्ने श्री भक्त बहादुर बस्नेतकी नातिनी, श्री प्रेम बहादुर बस्नेतकी छोरी श्री नेत्र कुमारी बस्नेतको मिति वि.सं.२०८२/०६/२६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चारपानेमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान सुर्य प्रसाद ढकालले मिति व.सं.२०८२/०७/२६ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्तम्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,शिवसताक्षी न.पा.वार्ड नं.-५मा बस्ने श्री कर्णाखर भण्डारीका नाति,श्री पुर्ण प्रसाद भण्डारीका छोरा,श्री केशव भण्डारीको मिति वि.सं.२०८२/०७/०८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगन्जमा रहेको बचत खातामा ९००८०१००००५९७७८००००१० रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका बुबा पुर्ण प्रसाद भण्डारीले मिति वि.सं.२०८२/०७/२८मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

## INVITATION FOR SEALED BID

Notice Published Date: November 17, 2025 (2082/08/01 BS)

**EXCEL DEVELOPMENT BANK LTD**, having its Central Office at Birtamode Jhapa (The Bank) invites sealed bid from eligible registered Firms/Companies Contractors/ Suppliers for **CONSTRUCTION AND INTERIOR DECORATION DEVELOPMENT WORKS** detailing as under:

| S.N. | Name | Address | Area | Maximum Price for Construction: | Remarks |
|---|---|---|---|---|---|
| 1. | Banyani Branch | Kachankawal Rural Municipality Ward No 6, Jhapa, Banyani Bazzar | Around 2000.00 Sq. ft. | Rs.23,00,000.00 (Including VAT) | New Construction |
| 2 | Belbari Branch | Belbari Municipality Ward No 3, Morang | Around 2000.00 Sq. ft. | Rs.24,00,000.00 (Including VAT) | New Construction |

**Terms & Conditions**

1. The work to be executed comprise mainly Civil Works, Furniture Works, Metal Works, Electrification/Communication Works, Sanitary/Plumbing Works, Air-Conditioner works and security system works etc. applicable as per the office requirements & mentioned on BOQs (shall be provided along with the BID Application Form).
2. The bidding document shall be purchased from the General Service Unit, BirtamodeJhapa upon deposit of Bid Purchase Fee (non-refundable) of NRs. 2,000.00 (Nepalese Rupees Two Thousand Only) on account no.9373011000010 (BID APPLICATION FEE) for each branch.
3. Entire original bidding documents and certificates (Company Registration, Business Registration, PAN/VAT Registration, Tax Clearance Certificate, Audit Report and related documents) & company profile should be endorsed (affixed stamp and signature) in all pages.
4. Bidder shall have work experience on Construction & Interior Decoration Developmentof BFIs of Nepal.
5. Powers of Attorney in favor of the person(s) signing the bid that such person(s) is/are authorized to sign the bid on behalf of the bidder and consequences resulting due to such signings shall be submitted with a bidding document.
6. Bidders should submit NRs. 100,000.00 (Nepalese Rupees One Hundred Thousand Only) or 5%of bid amount whichever is higher either through cash deposit on Excel Development Bank Ltd on account no. 9266011610003 (BID MONEY DEPOSIT) or Bid Bond valid up to 30 days beyond the last date of bid submission.
7. Sealed Bidding document must be submitted within 4:00 PM of Manshir15, 2082 at Bank's Central Office BirtamodeJhapa. Bids received after these deadlines will be rejected. If there is any public holiday on the last date of submission, it can be submitted on the next working day.
8. Sealed Bidding documents will be opened in presence of Bank & Bidder's representatives on Manshir16, 2082 03:00 PM at Central Office, Birtamode,Jhapa. However, the presence of Bidder's representatives will not be mandatory for opening bidding documents.
9. Non-submission of the required valid documents and non-compliance with mandatory requirements as mentioned above may lead to the disqualification of the proposals.
10. The Bank reserves the right to accept or reject completelyor all the bids without assigning any reasons, whatsoever.

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# एनपीएल सफल पारौं

**नेपाल प्रिमियर लिग (एनपीएल) को उद्घाटन खेल आजदेखि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट स्टेडियममा फ्लड लाइटमा सुरु हुँदैछ। दोस्रो संस्करणको एनपीएल नेपाल क्रिकेट संघ (क्यान)ले आयोजना गरेको हो।**

**आजदेखि मंसिर २७ गतेसम्म हुने प्रतियोगिता हुने भएको छ। प्रतियोगिताका विजेता टोलीलाई पुरस्कारस्वरुप रु एक करोड १० लाख प्रदान गरिनेछ। यसअघि जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो।**

**यसैगरी, प्रतियोगिताको उपविजेता टोलीले भने रु ५१ लाख प्राप्त गर्नेछ भने तेस्रो स्थान हासिल गर्नेले रु २५ लाख तथा चौथो हुनेले रु १५ लाख प्राप्त गर्नेछ।**

**एनपीएलमा विभिन्न आठ फ्रेञ्चाइज टोली सहभागी हुनेछन्। उद्घाटन खेल जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजबीच हुनेछ।**

**सहरी विकासमन्त्री कुलमान घिसिङले त्रिभुवन विश्वविद्यालय क्रिकेट स्टेडियमलाई उज्यालो बनाउन पाउँदा धेरै खुसी लागेको र पहिलो चरणको निर्माण सम्पन्न भएको बताएका छन्। सहरी विकास मन्त्रालयले त्रिवि क्रिकेट स्टेडियमको पहिलो चरणको निर्माणपछि नेपाल क्रिकेट संघ (क्यान) लाई आइतबार हस्तान्तरण गरेको छ।**

**उक्त कार्यक्रममा मन्त्री घिसिङले क्रिकेट रंगशालालाई उज्यालो बनाउन पाउँदा उत्साहित भएको बताए। एनपीएल आयोजना सुरु हुनु अगावै सम्पन्न गर्न दुई महिनाअगाडि नै आफू निरीक्षण गर्न आएको उल्लेख गर्दै उनले यो पहिलो चरणको निर्माण सम्पन्न भएको बताएका छन्। त्यस्तै गृहमन्त्री ओमप्रकाश अर्यालले आजबाट सुरु हुन गइरहेको दोस्रो संस्करणको नेपाल प्रिमियर क्रिकेट लिगको (एनपीएल) को बारेमा त्यसको सुरक्षा प्रबन्ध र अन्तिम तयारीबारे ब्रिफिङ लिएका छन्।**

**गृहमन्त्री अर्यालले काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलसहित काठमाडौं प्रहरी प्रमुख रमेश थापासँग एनपीएलको सुरक्षा तयारीबारे जानकारी लिएका हुन्।**

**गृहमन्त्रीको सचिवालयको अनुसार बैठकमा अर्यालले क्रिकेट अवधिभर सुरक्षा व्यवस्था चुस्त, दुरुस्त राख्न र कुनै पनि अवाञ्छित घटना हुन नदिन सुरक्षा सतर्कता बढाउन निर्देशन दिए। एनपीएलको उद्घाटन खेल घरमै बसेर हेर्न नेपाल क्रिकेट संघ (क्यान)ले आग्रह गरिसकेको छ।**

**क्यानका सचिव पारस खड्काले भिडिओ सन्देश जारी गर्दै उद्घाटन खेलका सबै टिकट बिक्री भइसकेकाले घरमै बसेर हेर्न आग्रह गरेका थिए। एनपीएल देशकै गौरव भएकाले उसलाई सफलतापूर्वक सम्पन्न गरौं।**




# निर्वाचनप्रति जनउत्साह



• डा.देवराज अर्याल

राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिमा आएको बदलाबसँगै नेपाल आमनिर्वाचनको सँघारमा उभिएको छ। आउँदो फागुन २१ गते निर्वाचन हुँदै छ। निर्वाचन जेनजी आन्दोलनले ल्याएको परिवर्तनको उपज हो। निर्वाचन आयोगले निर्वाचनको कार्ययोजना र कार्यतालिका निर्माण गरेर तदनुरूप कार्यप्रक्रिया अगाडि बढाइसकेको छ। हरेक प्रभाव र परिणामका पछाडि निश्चित कारण हुन्छन्। जेनजी आन्दोलनले तत्कालीन सरकार विस्थापित हुन पुग्यो। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेको तत्कालीन सरकारमा सबैभन्दा ठुलो दल नेपाली कांग्रेस र दोस्रो ठुलो दल एमाले एवं अन्य थप राजनीतिक दलको पनि सहभागिता थियो। तत्कालीन प्रतिनिधि सभामा सुविधाजनक बहुमतका साथ उक्त सरकार विगत डेढ वर्षदेखि कायम रहँदै आएको थियो। विकास र राजनीतिक स्थिरताको सन्दर्भमा तत्कालीन सरकारले सकारात्मक गतिका साथ काम गर्दै आएको पनि थियो। सुशासन कायम गर्न नसकेकै कारण भ्रष्टाचार बढ्दै गएको गुनासा भने व्यापक थिए।

जेनजी आन्दोलनको विषयमा विभिन्न कोणबाट प्रश्न उठे/उठाइएका छन्। उक्त आन्दोलनको सुरुवात भने भ्रष्टाचार नियन्त्रण, सुशासन स्थापना, नातावाद र क्रिपावादको निर्मूलन एवं युवा रोजगारीको माग अघि सारेर भएको थियो। आन्दोलनको राप र तापले तत्कालीन सरकारको विस्थापन मात्र भएन, सँगसँगै प्रतिनिधि सभासमेत विघटन हुन पुग्यो। अहिले यही प्रतिनिधि सभा जीवन्तताका लागि फागुन २१ गते निर्वाचन गर्ने तयारी भएको हो। नेपालको संविधान २०७२ लाई क्रियाशील राख्न निर्वाचन अपरिहार्य छ। वर्तमान परिस्थितिको यो गम्भीर पक्षलाई प्रमुख राजनीतिक दलले कत्तिको सुझबुझका साथ आत्मसात् गर्छन्, त्यसकै आधारमा मुलुकको भावी राजनीतिले आफ्नो मोड तय गर्ने छ।

निर्वाचन लोकतन्त्रको प्रमुख आधार हो। लोकतन्त्रमा निर्वाचन भएन भने शरीरमा रक्त सञ्चार प्रणाली रोकिए जस्तै हुन जान्छ। लोकतान्त्रिक प्रणालीलाई चलायमान बनाउन जसरी निर्वाचन महत्वपूर्ण अवयवका रूपमा रहेको हुन्छ, त्यसरी निर्वाचनको सार्थकताका लागि दलको सहभागिता अनिवार्य मानिन्छ। यो पक्षलाई हृदयङ्गम गरी अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की सबै दललाई सहभागी गराएर निर्वाचन सम्पन्न गर्ने अभियानमा निरन्तर लागिरहनुभएको छ। केही राजनीतिक दल अझै पनि निर्वाचन स्वच्छ र निष्पक्ष हुन्छ भन्ने विषयमा संशयमुक्त हुन सकिरहेका छैनन्। यसका लागि सरकारले अझै पनि सघन ढङ्गले संवाद र अन्तरसंवाद गरेर समझदारी एवं विश्वासको वातावरण बलियो बनाउन आवश्यक छ।

जेनजी आन्दोलनको घटनाले दलहरूको कार्यशैली र व्यवहारप्रति गम्भीर प्रश्न उत्पन्न गरिदिएको छ। घटना भएको दुई महिना बितिसक्यो। यतिबेला पनि भ्रष्टाचारविरुद्धको जवाफदेहीमा दलहरूको प्रतिबद्धता देखिएको छैन। जनताले अहिले पनि तुलना गरिरहेका छन्- राजनीतिक दलनिकटमा रहेका आसेपासे व्यक्ति र सर्वसाधारण जनताको जीवनशैलीलाई। यो कटु सत्य हो- गरिब, मजदुर, किसान र श्रम गरी जीविकोपार्जन गर्नु पर्ने वर्ग र समुदायका लाखौं मानिस स्वास्थ्य सेवा अभावका कारण मृत्युवरण गरिरहेका छन्। त्यसको तुलनामा राजनीतिक दलका नेता, कार्यकर्ता र नेताका स्वकीय सचिवसम्मका 'तरमागा' वर्गको अवस्था हेर्ने हो भने उनीहरूको रवाफ र जीवनशैली निकै माथि छ। उनीहरूको काठमाडौंदेखि लिएर उपत्यका बाहिरका प्रमुख सहर र बजार केन्द्रमा आलिसान महल खडा भएका छन्। तिनका छोराछोरी काठमाडौंका महँगा बोर्डिङ स्कुलमा अध्ययन गरिरहेका छन्। यो वर्गलाई न त महँगीले कुनै असर पर्छ न त सुशासन नै नहुँदा फरक पर्छ। उनीहरूका लागि सार्वजनिक सेवा घरमै प्राप्त हुन्छ। विशेषाधिकारका रूपमा उपलब्ध हुने गर्छ। जेनजी आन्दोलन यस्तै असङ्गतिपूर्ण जीवनशैलीले निम्त्याएको हो।

बजारमा महँगी बढ्दै गएको। वास्तविक किसान, उत्पादक र उपभोक्ता बिचौलियाबाट



ठगिइरहेका छन्। बिचौलियाबाट भइरहेको ठगीको यो शृङ्खला अहिले पनि अन्त्य भएको छैन। नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, भन्सार, क्वारेन्टाइन, भन्सार र शिक्षा विभाग जस्ता जनताका लागि अति आवश्यक पर्ने काम सहर्ज हुँदैन। जनता सरकारबाट सिधै प्राप्त हुन पर्ने यस्ता सेवामा अवरोध हुँदा वाक्कदिक्क हुन्। सर्वसाधारण जनताको जीवनयापकसँग प्रत्यक्ष जोडिएका यस्ता विषयमा न हिजाका दिनमा आवाज उठाइयो न त आज नै उठिरहेका छन्। दलहरूप्रति जनतामा कायम हुनुपर्ने विश्वास यस कारण टुटिरहेको छ।


तत्कालीन सरकारको पालामा सुरुङमार्ग, सडकमार्गलगायत शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्र अन्तर्गत पूर्वाधार निर्माण कार्य निश्चित रूपमा भएका थिए। राष्ट्रियताको पक्षलाई बलियो रूपमा प्रस्तुत गर्ने काम भएको थियो। त्यसले बेरोजगार युवा, दिनभर श्रम गरेर हातमुख जोर्नुपर्ने वर्गको सम्बोधन हुन सकेन। यसले गर्दा जेनजी आन्दोलन अगाडि बढ्दै गयो। दलका नेताका घर, सिंहदरबार, अदालत, प्रहरी चौकी जलेर खरानी हुँदासमेत आमजनताको त्यहाँ सहानुभूतिसम्म प्रकट हुन सकेन। आन्दोलन सकिएको दुई महिनाको अवधिमा आन्दोलनको राप र ताप सामान्य अवस्थामा पुगिसकेको छ। जेनजी आन्दोलनले उठाएका मुद्दाको भने सम्बोधन हुन सकेको छैन।

आन्दोलनको माहोलसँगै देशका अमूल्य धरोहर, भवन, सम्पदा र सम्पत्तिमाथि भएको आगजनी एवं प्रहारको विषय पनि कम संवेदनशील छैन। प्रश्न र जिज्ञासा दिनप्रतिदिन थपिँदै गएका छन्। घटनामा संलग्न र घटना घटाउन उकास्ने व्यक्तिको विवरण समयक्रमसँगै सार्वजनिक रूपमा प्रकट हुन थालेका छन्। सूचना प्रविधिको प्रयोगको कारणले विवरण पारदर्शी बन्दै गइरहेका छन्। यो परिवेशलाई विश्लेषण गर्दा ढिलो चाँडो दोषी र अपराधी न्यायको कठघरामा आउने नै छन्। सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने, विनाश गर्ने अपराधी र दोषी कारबाहीको दायरामा आउनु पर्छ नै। अर्कोतर्फ निहत्था बालबालिकाको हत्या भएको छ। त्यसउपर पनि निष्पक्ष ढङ्गले छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनै पर्छ। दोषी सुरक्षाकर्मी, मन्त्री, नेता, घुसपैठ गर्ने व्यक्ति वा अन्य जोसुकै होस् कारबाहीको भागीदार हुनै पर्छ। यसका लागि आयोगले सावधानीका साथ निष्पक्ष ढङ्गले छानबिन गरिनु पर्छ।

भदौ २३ र २४ को घटनापश्चात् आमनेपाली जनताले हरेक क्षेत्रमा सुधारको अपेक्षा गरेका थिए। सुधार, परिमार्जन र परिष्करणको प्रक्रिया अहिलेसम्म कहीँकतैबाट पनि सुरु भएको आमअनभूति छैन। अहिलेसम्म जित नेपालीको पक्षमा भएको छैन। जताबाट, जुन कोणबाट र जुन मात्राको लेन्सबाट हेर्दा पनि नेपालको पक्षमा नोक्सानी नै भएको छ, हार नै भएको छ। राजकीय शक्ति र सत्ताका प्रतिस्पर्धा गर्नेहरूमा मिलेर काम गरौं, सुधारको बाटोमा सँगै अगाडि बढेर देशको विकास गरौं भन्ने भावना अझै पनि विकास हुन बाँकी छ। अहिले पनि एकआपसमा आरोप प्रत्यारोप, गाली गलौज र दोषारोपण गर्नुमै राजनीतिक शक्तिहरूको ऊर्जा खर्च भइरहेको छ। समय अझै घर्किसकेको छैन।

निर्वाचनका मिति तोकिएको छ। निर्वाचन देशका लागि मात्र नभई सबै राजनीतिक दल र अहिलेको नयाँ शक्ति समूहका लागि पनि त्यत्तिकै अपरिहार्य छ। नागरिक तहमा पनि निर्वाचनप्रति उत्साह बढ्दो छ। निर्वाचनलाई अवसरका रूपमा लिनु पर्छ। निर्वाचनले नै देशभित्रका सबै शक्तिबिच सहकार्यको वातावरण बनाउने छ। देश र जनतालाई केन्द्रविन्दुमा राखेर अघि बढ्ने हो भने परिस्थिति सौहार्द बन्दै जाने छ। सौहार्दता र सहकार्यमै देश बलियो हुन्छ। जनताको भलो हुन्छ। संविधानको पनि रक्षा र संवर्धन पनि हुने छ।

# लोकतान्त्रिक मूल्यको सम्मान



• मोहन नेपाली

लोकतन्त्रमा राजनीतिक दल महत्वपूर्ण अङ्ग हो, जसले जनतालाई एकत्रित र सङ्गठित गर्नुका साथै तिनका मुद्दाको प्रतिनिधित्व गर्छ। राजनीतिक दल जनताका विविध भोगाइ, आवश्यकता र आकांक्षाबाट निर्मित सङ्गठित शक्ति हो, जसले जनतालाई चिन्नु पर्छ र जसलाई जनताले पनि चिन्नु पर्छ। दलले जनतालाई चिन्नुको अर्थ जनताले भोगिरहेका धरातलीय यथार्थको सही रूपमा बोध गर्नु हो। जनताले भोगिरहेका धरातलीय यथार्थको वस्तुगत बोध गरेपछि नै कुनै पनि जनहितप्रति लक्षित दलले जनताको वस्तुगत प्रतिनिधित्व गर्न आवश्यक वैचारिक खुराक प्राप्त गर्छ। यस अर्थमा कुनै पनि लोकतान्त्रिक दलको सबभन्दा ठुलो विश्वविद्यालय जनता हो, जसको विविधताबाट अथाह ज्ञानको निर्माण हुन्छ। आमजनताको पीडाबोधलाई दलको नेतृत्व पङ्क्तिको अवचेतन मनले ग्रहण गरेको हुनु पर्छ। जनताले राजनीतिक दललाई चिन्नु भनेको शास्त्रको आधारमा होइन, भोगाइका आधारमा मूल्याङ्कन र मार्गदर्शन गर्नु हो।

अवचेतन मनमा ग्रहण गरिएको जनताको पीडा र पीडाका स्रोत, असर र समाधानसम्बन्धी विश्लेषणका आधारमा सही नीति र कार्यान्वयनको भरपर्दो कार्यदिशा तयार गर्न सम्भव हुन्छ। रूपान्तरणमुखी चिन्तनको विकास गर्दै सामाजिक न्यायप्रति समर्पित राजनीतिक अभ्यासको संस्कृतिलाई अगाडि बढाउने हो भने अधिकांश अवाञ्छित परिणाम ल्याउने सङ्कटको पहिले नै रोकथाम हुन्छ। यस अर्थमा, जनताले भोगिरहेको सङ्कट मिहिन र गहन ढङ्गले बुझेर उनीहरूका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक अवस्थामा गुणात्मक परिवर्तन ल्याउने रणनीतिसहित काम गर्ने दल मात्र कार्यसम्पादनका हिसाबले उत्कृष्ट जनपक्षीय दल ठहर्ने छ। दल एउटा जुवाडे जस्तो नभई सरकार र राज्य संयन्त्रलाई मनग्ये नीतिगत अन्तर्दृष्टि र कार्य क्षमता आपूर्ति गर्ने मस्तिष्क बन्न सक्नु पर्छ। यसका लागि नै दल चाहिने हो। लाखौं मस्तिष्क र हातहरूले मुलुकलाई अग्रगतिमा लग्नुपर्ने हुन्छ। गलत दिशामा सङ्गठन जाँदा भने अनपेक्षित परिणाम आउने निश्चित नै हुन्छ।

नचुँडिने र नधुज्जिने कसिलो, सङ्गठित र चिन्तनयुक्त दल बन्दै गर्दा त्यसको जनतासँगको सम्बन्ध अधिक महत्वको हुन्छ। जनतासँग दलले कुन दृष्टिकोणले सम्बन्ध राख्छ सोही अनुसारको परिणाम आउने गर्छ। जस्तै सत्तामा जाने तर जनताको जीवनमा राजनीतिक संस्कृतिको निर्माण र आर्थिक, नैतिक तथा सामाजिक रूपान्तरणबाट विमुख भएर दल क्रियाशील भएको खण्डमा लोकतन्त्रकै बारेमा आम मानसपटल दिग्भ्रमित बन्न पुग्छ। परिणामतः सम्बन्धित दलप्रतिको जनआस्था ह्रासोन्मुख बन्दै जान्छ।

लोकतन्त्र भर्सेज व्यक्तितन्त्र

समाजमा विविध शक्ति क्रियाशील हुन्छन्, औपचारिक वा अनौपचारिक तवरमा। जनतालाई मानवीय आत्मसम्मानको अनुभूति दिलाउनु लोकतन्त्रको दायित्व हो। मानव अधिकारको कार्यान्वयनबिना त्यो सम्भव हुन्न। यस सन्दर्भमा, प्रगतिशील संविधान, कानुन र नीति कार्यान्वयनद्वारा जनताको धरातलीय जीवनमा कसरी गुणात्मक रूपान्तरण ल्याउन सकिन्छ भन्ने विषयले दलगत चिन्तनमा पर्याप्त ठाउँ पाएको छ भने मात्र त्यस्तो दल लोकतान्त्रिक ठहर्छ। दल व्यक्तिको चङ्गुलमा फँसेको अवस्थामा भने उन्नत लोकतन्त्रको बहस किचिन्छ। जनजीवन रूपान्तरण गर्न सृजित संरचनामा विविध निजी स्वार्थप्रेरित वृत्तहरूको तीव्र रूपमा प्रभाव बढिरहेको छ। लोकतन्त्रका निम्ति लामो समय लडेका दलभित्र व्यक्तितन्त्रलाई निस्तेज पार्नु आवश्यक छ। नत्र सत्ताको पञ्जेजोरी चलिरहँदा व्यक्तितन्त्रको बुई चढी मुलुकको स्वाधीनता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र सामाजिक सद्भावविरुद्ध समेत षड्यन्त्र गरिन सक्छ।

देशमा व्याप्त भ्रष्टाचारले उत्पादन गरेका परिणाम र विकृति हामीले भोग्यौं र अब नेपाली समाजको समग्र अवस्थामा द्रुत गतिमा न्यायोचित परिवर्तन ल्याउन हामी पछिल्ला पुस्ताले पनि सक्रिय भूमिका निर्वाह गर्न चाहन्छौं भन्ने प्रस्ट सन्देश जेनजी विद्रोहले दिएको छ। यस वस्तुगत तथ्यलाई बेवास्ता गरेर अबको राजनीतिक यात्रा सन्तुलित रूपमा अगाडि बढ्न सक्दैन। आखिर सबै दलमा प्रताडित जेनजी पुस्ता छन् भन्ने स्वयंसिद्ध सत्य हो। सबै दलले लामो समयदेखि जेनजी पुस्तालाई राजनीतिक प्रयोजनका निम्ति परिचालन गर्दै आइरहेको पनि हुन्। पीडित त ११-१२ पढ्दा पढ्दै खाडी मुलुकतिर हानिन विवश जेनजी पुस्ताका युवा मात्रै होइनन् नि। लोकतन्त्र र सामाजिक न्यायका निम्ति लडेर असीमित हण्डर खेपेका सबै वर्ग र समुदायका शोषितपीडित जनसमुदाय अहिले कान्लामुनिको भ्यागुताकै अवस्थामै छन्। यहाँ स्वयम् लोकतन्त्रका निम्ति लामो इतिहास खडा गरेका दलभित्र पनि बारम्बार आन्तरिक लोकतन्त्रको प्रश्न उठ्ने गरेको छ। लोकतन्त्र व्यक्तिको पकड र इच्छामा चल्ने विषय होइन भन्ने दलभित्र सधैं उठ्ने गरेकै हो।

अघोषित व्यक्तितन्त्र दलको स्तरमा मात्र होइन राज्यका अवयवमा पनि समस्याका रूपमा विद्यमान छ। प्रश्न उठ्दा कानुन, प्रणाली र पद्धति देखाउने गरिन्छ। काम गर्दा भने व्यक्तितन्त्रले कानुन, प्रणाली र पद्धतिलाई निरीह बनाइदिन्छ। यो समस्या देशव्यापी झाँगिएको कारणले जनहितविपरीतको धार अग्रपङ्क्तिमा बढ्दै जाँदा निस्किएका कुपरिणामबाट आम मानसपटल विस्फोटक बनेको हो। राज्यका अवयवमा व्यक्तितन्त्रको धारलाई निस्तेज पारी उन्नत लोकतन्त्रको धारलाई अगाडि बढाउने हो भने प्रत्येक दलले जोडदार रूपमा आन्तरिक लोकतन्त्रको अभ्यासलाई अपनाउनु आवश्यक छ।

आन्तरिक लोकतन्त्रको अभ्यास नीतिमुखी, नतिजामुखी र मुद्दा-केन्द्रित हुनु पर्छ। अहिलेसम्म व्यक्ति व्यवस्थापनलाई उच्च प्राथमिकता दिने गरिएकाले व्यक्तितन्त्र फस्टाएको हो। जतिखेर पनि 'को' मा केन्द्रित हुँदा 'के', 'कसरी' र 'किन' भन्ने प्रश्नमा चिन्तन गर्ने लोकतान्त्रिक धार दलभित्र पछाडि परेको हो। दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यासको परिपाटी बस्दै जाँदा र त्यो धारलाई सही मार्गदर्शन भएमा देशका लागि आवश्यक पर्ने नयाँ प्रतिभा उजागर मात्र हुने छैनन्, सकारात्मक तथा तीव्र प्रतिस्पर्धाको वातावरण पनि बन्ने छ। फलतः मेरिटमा आधारित उन्नत लोकतन्त्रको धारले नेतृत्व प्राप्त गर्न सहज हुन्छ। अहिले नेपाललाई चाहिएको यही हो। हालसालैको जेनजी विद्रोहले सङ्केत गरेको पनि यही हो। जेनजी विद्रोह व्यक्तितन्त्रको विरुद्ध थियो। व्यक्तितन्त्रले भ्रष्टाचारलाई सर्वस्वीकार्य प्रतियोगिताका रूपमा अघि बढाइदियो। जेनजी विद्रोहको सार भन्नु नै उन्नत लोकतन्त्रको धारको आवश्यकता बोध गराउनु थियो। सामाजिक विभेद र वर्गीय खाडलका कारण नेपाली समाज मनोबनोटको विकास र राजनीतिक संस्कृतिका दृष्टिले पनि धेरै पछाडि छ।

समानता र सामाजिक न्यायको भरपर्दो वातावरण निर्माण गर्न राज्यका तर्फबाट सबै नेपालीका लागि नैसर्गिक मानव अधिकारका रूपमा शिक्षा र स्वास्थ्यको प्रत्याभूत गर्नु उन्नत लोकतन्त्रको धार समातेको पहिलो प्रमाण हुने छ।

'शिक्षा सर्वाधिक शक्तिशाली अस्त्र हो, जसलाई तपाईं संसार बदल्न प्रयोग गर्न सक्नुहुन्छ' भन्ने नेल्सन मन्डेलाको भनाइलाई यहाँ स्मरण गर्न सकिन्छ। नागरिकलाई सोच्ने, खोज्ने र रोज्ने स्व-सशक्तीकरणको क्षमता प्रदान गर्नु राज्यले गर्नुपर्ने लोकतान्त्रिक परिपोषणको कर्तव्यभित्र पर्छ। नागरिकको मेरुदण्ड नै बलियो छैन भने देश कसरी बलियो हुन्छ ? नागरिकलाई विदेशको प्रवासी श्रमिक र बजारको उपभोक्ता मात्र बनाउनु हुन्न भन्ने चेत हामीमा खुल्नै पर्छ। इतिहास जो थियो, सो थियो। वर्तमान जो छ, यसमा ध्यान खिच्नु अपरिहार्य छ। इतिहासको विरासतलाई मात्र मूल्याङ्कनको आधार बनाउनु पर्याप्त हुँदैन। वर्तमानको कार्यसम्पादन र प्राप्त नतिजालाई मुख्य वस्तुगत आधार बनाएर राजनीतिक समीक्षा गर्नु बुद्धिमान हुन्छ।

अन्त्यमा हाम्रा दलहरूको इतिहास गौरवपूर्ण नै छ। उनीहरूले विभिन्न कालखण्डमा लोकतान्त्रिक सङ्घर्षको कष्टपूर्ण नेतृत्व प्रदान गरे। इतिहासबाट सिक्ने हो, त्यसको सदावहार ब्याजस्वरूप सधैं निषेधको आत्मकेन्द्रित राजनीति र सत्ताको कुलतमा डुब्ने हो भने लोकतन्त्र पोखरीमा जमेको फोहोर पानी जस्तो बन्छ। लोकतन्त्र गतिशील र अद्यावधिक प्रक्रिया हो। यो प्रणालीद्वारा सञ्चालित हुनु पर्छ, व्यक्तिको प्रतिक्रिया र 'सेन्टिमेन्ट' बाट होइन। प्रत्येक दलले आफ्नो विधानको वैज्ञानिक संशोधन गरी डिजिटल युगका ऊर्जावान् युवालाई उचित राजनीतिक स्थान दिनु अपरिहार्य भएको छ। त्यसपछि नै उन्नत लोकतन्त्रको धार नेपालमा तीव्र बन्ने छ, किनभने उन्नत लोकतन्त्रमा मात्र मानसिक दासत्वबाट मुक्त भएर नागरिकले स्वतन्त्र निर्णय लिने क्षमताको विकास गर्न सक्छ।

# कार्बन व्यापारबाट नेपाललाई १ अर्ब ३३ करोड रकम प्राप्त

झापा । नेपालले कार्बन व्यापारबाट पहिलो भुक्तानी प्राप्त गरेको छ।

कार्बन उत्सर्जन घटाउन योगदान पुऱ्याएबापत इमिसन रिडक्सन पेमेन्ट एग्रिमेन्ट (इआरपिए) अनुसार विश्वबैंकबाट ९.४ मिलियन अमेरिकी डलर (१ अर्ब ३३ करोड २९ लाख ७१ हजार रुपैयाँ बराबर) रकम प्राप्त गरेको हो।

तराई आर्क ल्याण्डस्केप अर्थात् तराई भूपरिवेष्टित क्षेत्रमा रेड प्लस उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत नेपालले १८ लाख ८२ हजार टन कार्बनडाइअक्साइड बिक्री अर्थात् उत्सर्जन कटौती गरेको छ। त्यसबापत ९.४ मिलियन डलर प्राप्त भएको वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रका प्रमुख सहसचिव नवराज पुडासैनीले बताए।

'विश्वबैंकको वन कार्बन साझेदारी कार्यक्रम (एफसिपिएफ) अन्तर्गत सन् २०१८-२१ अवधिमा रौतहटदेखि कञ्चनपुरसम्मको पहिलो चरणको ९.४ मिलियन रकम आएको छ वन ऐनले व्यवस्था गरेको वन विकास कोषमा जम्मा भएको छ' उनले भने।

विश्वबैंकसँग भएको सम्झौतानुसार नेपाल सरकारको खातामा जम्मा भइसकेको १ अर्बभन्दा धेरै रकम अब कहाँ जान्छ र कसरी वितरण गरिन्छ?

सहसचिव पुडासैनीका अनुसार खासगरी वनको संरक्षण विकास र समुदायको जीविकोपार्जनका लागि रकम खर्च गरिनेछ।

'प्राप्त रकममध्ये ४५ प्रतिशत समुदायमा, ४२ प्रतिशत सरकारी वन क्षेत्रमा, १५ प्रतिशत मध्यवर्ती क्षेत्रका किसान र ५ प्रतिशत निजी वनका किसान र ५ प्रतिशत वनमा आश्रित समुदायलाई जान्छ भनी हामीले लाभ वितरण योजना स्वीकृत गरेका छौं', उनले भने ' त्यसै अनुसार अब वन विकास कोषले कार्यक्रम बनाएर तल बजेट पठाउँछौं।'

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले भने कार्बन व्यापारलगायत जलवायु परिवर्तनका नाममा अन्तर्राष्ट्रिय संयन्त्रमार्फत आउने रकमको ८० प्रतिशत समुदायमा जाने सुनिश्चित गरेको छ।

रेड प्लस, हरित जलवायु कोष, अन्तर्राष्ट्रिय वातावरणीय सुविधा, अनुकूलन कोष, जलवायु लगानी कोष, कार्बन व्यापार जस्ता द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय आर्थिक संयन्त्रहरूबाट वित्तीय स्रोत हासिल गरी परिचालन गर्ने लक्ष्य राखिएको छ।

महिला, अल्पसंख्यक, पिछडिएका वर्ग, जलवायु परिवर्तनबाट प्रभावित क्षेत्र र संकटापन्न समुदाय लक्षित बजेट विनियोजन सुनिश्चित गर्ने राष्ट्रिय जलवायु नीतिले व्यवस्था गरेको छ।

हरित गृह ग्याँस उत्सर्जन कटौती विश्वसामु चुनौती बनिरहेका वेला नेपालले भने वन जंगल बढेसँगै सञ्चिति बढाएर कार्बनको बजारमा आफूलाई प्रस्तुत गर्दै छ।

विश्वभर हरेक वर्ष प्रतिव्यक्ति ४.८ टन कार्बन उत्सर्जन हुने गरेको तथ्यांकले देखाएका छन्। सबैभन्दा धेरै अमेरिकामा प्रतिव्यक्ति प्रति वर्ष १६ टन, बेलायतमा १३ टन उत्सर्जन देखिन्छ। नेपालमा प्रतिव्यक्ति ०.५३ अर्थात् आधा टन मात्र कार्बन उत्सर्जन गरेको देखिन्छ।

कार्बनको मापनका लागि विभिन्न वन क्षेत्रमा प्लटहरू बनाइएको रेड कार्यान्वयन केन्द्रले जनाएको छ। अन्ताराष्ट्रिय निकाय र नेपालले तयार गरेका जिआइएस अर्थात् जियोग्राफिक्स इम्फर्मेसन सिस्टमबाट बनाएका विभिन्न नक्सा, स्याटेलाइट इमेजहरू लगायतलाई विश्लेषण गरेर फ्रेम वर्क गरी कार्बन नापिन्छ। सन् २०१९ देखि २०२४ सम्म तराई भू-परिधिका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्बन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएको थियो।

सन् २०२८ सम्म करिब ३ करोड ४२ लाख टन कार्बनडाइअक्साइड ग्यास उत्सर्जन कम गर्ने लक्ष्य नेपालले लिएको छ। कार्बन फाइनान्सअन्तर्गत नेपालले पैसा पाउन ऊर्जा, वन, कृषि, फोहरमैला लगायतका क्षेत्रबाट उत्सर्जन कटौती गरेर भुक्तानी लिन सक्छ।

नेपालले २०१८-२०२१ सम्मको पहिलो चरणको भुक्तानी पाइसकेको अवस्थामा अब दोस्रो चरणको लाभ हासिल गर्न तयारी अगाडि बढाएको छ। सहसचिव पुडासैनीका अनुसार दोस्रो चरणको भुक्तानी लिनका लागि अहिले कार्बन नापिँदै छ।

'हामी विश्वबैंकसमक्ष दोस्रो भुक्तानीका लागि तत्कालै दाबी गर्दै छौं', उनले भने ' '२०२६ को जुनदेखि जुलाई भित्रै रिपोर्ट पेश गरेर अर्को किस्ताको रकम माग्छौं, अहिले नै कति रकम आउँछ भन्न सकिन्छ तर आएको रकम योजनाअनुसार नै समुदायहरूलाई वितरण गर्छौं।'

नेपालले तराई आर्स ल्याण्डस्केप (ताल) अर्थात् तराई भूपरिवेष्टित क्षेत्रसँगै लिफ कोलिसन परियोजनामार्फत कार्बन फण्डबाट लाभ लिने प्रयास गर्दै छ। बागमती, गण्डकी र कर्णाली प्रदेशका ३६ वटा जिल्ला केन्द्रित लिफ कोलिसन (२०२२-२०२६) परियोजना छ भने रेड प्लस तयारी चरणका क्रियाकलाप २०६६ देखि सञ्चालनमा छन्।

कुल ३२ लाख हेक्टर वन क्षेत्रको कार्बन लिफ कोलिसनमा आबद्ध रहेका बेलायत, अमेरिका, नर्वे र दक्षिण कोरियासहित २६ वटा निजी निकायलाई बेच्ने गरी सम्झौता गर्ने तयारीमा रहेको सहसचिव पुडासैनीले बताए।

यस्तैगरी ग्रीन क्लाइमेट फन्ड (जिसिएफ) बोर्डको ४० औं बैठक (जि-४०) को निर्णयानुसार नेपालभरको २०१७-२२ सम्मको कार्बन नापेर १ टनको ८ डलरमा नतिजामा आधारित भुक्तानीको लागि दाबी पेश गर्न लागिरहेको उनले जानकारी दिए।

कोशी र कर्णालीमा पनि वनमा आधारित कार्बनको परियोजना चलाइँदै छ। नेपालले वन विनाश रोक्ने, वन क्षयीकरण घटाएर गुणस्तर बढाउने, दिगो वन व्यवस्थापन, कार्बन सञ्चिति संरक्षण र कार्बनको सञ्चितिलाई बढावा अथवा प्रोत्साहित गरेर कार्बनको उत्सर्जन कटौती गर्ने र मापन गरी अन्तर्राष्ट्रिय फन्डहरूमा रकम दाबी गर्ने कार्य गरिरहेको छ।

वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, डिभिजन वन कार्यालय, सिंगो आदिवासी जनजाति र समुदाय, सामुदायिक वन समूहहरु यसको समग्र प्रक्रियामा सहभागी हुन्छन्। खासगरी आदिवासी जनजाति, समुदायमा आधारित वन, सरकारी संयन्त्रका डिभिजन वन कार्यालयहरू यसका प्रमुख सरोकारवाला हुन्।

नेपालले पहिलो भुक्तानी पाउनुलाई कार्बनको व्यापारमा कोसेढुंगा सावित गरेको विश्वबैंकले प्रतिक्रिया दिएको छ।

'यो एफसिपिएफको उत्सर्जन न्यूनीकरण भुक्तान सम्झौता (इआरपिए) मार्फत पहिलो भुक्तानी हो, यसले वन विनाश रोक्ने, समावेशी तथा दिगो वन व्यवस्थापन प्रबर्द्धन गर्ने नेपालका प्रयासमा महत्वपूर्ण कोसेढुंगा सावित गर्ने अवसर प्रदान गरेको छ' विश्वबैंकले विज्ञप्तिमार्फत भनेको छ।

बैंकले आइतवार विज्ञप्ति जारी गर्दै यो उपलब्धिबाट वन विनाश रोक्न, जैविक विविधता संरक्षण बढाउन र स्थानीय समुदायका लागि दिगो जीविकोपार्जनका अवसर विस्तार गर्न नेपाललाई बल पुग्ने विश्वास लिएको छ।

"कोसेढुंगा ठानिएको यस भुक्तानी वन फँडानी घटाउने, वन प्रशासन सुदृढ गर्ने, जैविक विविधता संरक्षण बढाउने र स्थानीय समुदायका लागि दिगो जीविकोपार्जनका अवसर विस्तार गर्ने कार्यमा नेपालको सफलताको प्रमाण हो" नेपाल, माल्दिभ्स र श्रीलंकाका लागि विश्वबैंक डिभिजन निर्देशक डेभिड सिस्लेनले भनेका छन्।

एफसिपिएफ विश्वव्यापी साझेदारी हो जसले सरकार, नागरिक समाज, आदिवासी जनजाति र निजी क्षेत्रलाई एक ठाउँमा ल्याउँछ। यसले देशहरूलाई वन फँडानी, वनको क्षयबाट हुने उत्सर्जन कम गर्न र दिगो वन व्यवस्थापनलाई बलियो बनाउन मद्दत गर्दछ।

एफसिपिएफ कार्यक्रमहरूले यही नोभेम्बरसम्म १३१ मिलियन (१३ करोड १० लाख) टन कार्बनडाइअक्साईड बराबर (सिओटू इ) भन्दा बढी उत्सर्जन कटौती रिपोर्ट गरेका छन्। यसरी ६ करोड ३७ लाख क्रेडिट जारी गरिएको छ र ४ करोड ६५ लाख (परिणाम-आधारित भुक्तानीमा २३ करोड २० लाख अमेरिकी डलर भन्दा बढी) भुक्तानी गरिएको छ।

# विदेश जाने यात्रुलाई फर्काए एयरलाइन्समाथि कारबाही हुने



झापा(प्रस) । त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलबाट विदेश जाने यात्रु जथाभावी फर्काउन एयरलाइन्स कम्पनीहरूलाई रोक लगाइने भएको छ ।

नियम-कानुनले तोकेका कागजात नमिलेको अवस्थामा बाहेक बहाना बनाएर फिर्ता गरिए यात्रुलाई हुने नोक्सानको क्षतिपूर्तिसहित सम्पूर्ण जिम्मेवारी सम्बन्धित एयरलाइन्सकै रहनेछ ।

एयरलाइन्सहरूले विभिन्न बहानामा यात्रुलाई बोर्डिङ पास नै नदिई फर्काउन थालेपछि नियमनमा कडाइ गर्ने निर्णय भएको अध्यागमन विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए ।

'अब एयरलाइन्सहरूले विमानस्थलबाटै फर्काउनुपरे सम्बन्धित यात्रु र अध्यागमनलाई कारण खुलाएर पत्र दिनुपर्छ,' उनले भने, 'यात्रुसँग आवश्यक कागजात हुँदाहुँदै बहाना बनाएर बोर्डिङ पास दिइएन र विमानस्थलबाटै फिर्ता गरियो भने सम्पूर्ण जिम्मेवारी सम्बन्धित एयरलाइन्सको हुनेछ, यसबारे सम्बद्ध पक्षलाई परिपत्र गर्दै छौं ।'

दुबई, कतार, मलेसियालगायत मुलुक जान लागेका एक सयभन्दा बढी यात्रुलाई गत बिहीबार विभिन्न एयरलाइन्सले विमानस्थलबाट 'अफलोड' (फिर्ता) गरेका थिए । स्पष्ट कारण नखुलाई एयरलाइन्सहरूले यति धेरै यात्रु फिर्ता गरेको विषयमा छानबिन भइरहेको विभागका महानिर्देशक तिवारीले जानकारी दिए ।

अध्यागमन विभागको प्रस्तावमा गत १३ कात्तिकमा गृहमन्त्रीस्तरीय निर्णय गरेर 'भिजिट भिसासम्बन्धी मापदण्ड-२०८०' संशोधन गरिएको थियो, जसअनुसार विगतमा लादिएका कठोर प्रावधान हटाइएको थियो । साथै तोकिएका कागजात भएर पनि भिजिट भिसामा जाने यात्रुलाई विभिन्न बहानामा अध्यागमन कक्षबाटै फिर्ता गरिए फिर्ता गर्ने कर्मचारीमाथि पनि कारबाही हुने गरी विभागले आन्तरिक परिपत्र गरेको थियो ।

'विभागले भिजिट भिसासम्बन्धी विगतमा ल्याइएका केही प्रावधानहरू संशोधन गरेर अहिले यात्रुमैत्री प्रबन्ध गरिएको छ, यसबाट असन्तुष्ट बनेका पक्षहरूले सुधारका पहललाई रुचाएका छैनन्,' गृह मन्त्रालयका एक अधिकारीले भने, 'पछिल्ला दिनमा एयरलाइन्सहरूले यात्रुलाई बोर्डिङ पास नदिई रोक्नुका पछाडि कतै विगतमा सेटिङ गर्नेहरूकै खेल त होइन भन्ने आशंका पनि उब्जिएको छ ।'

अध्यागमन विभागले विदेश यात्राका लागि ६ महिना अवधि भएको नेपाली राहदानी, गन्तव्य मुलुकको भिसा, गन्तव्य मुलुक प्रस्थान गर्दाको हवाई टिकट र आफू विदेश जान पेस गरिएका कागजात तथा यात्राको जोखिमबारे 'स्वघोषणा' गरे पुग्ने गरी नयाँ मापदण्ड ल्याएको थियो । पुरानो मापदण्डमा राहदानी, भिसा, ५ सय अमेरिकी डलर बराबरको विदेशी मुद्रा, दुईतर्फी हवाई टिकट, होटल बुकिङ, आफन्तकोमा बस्ने भए यसको तीनपुस्ते नाता विवरण खुल्ने कागजात तथा यूएई, बहराइन, कुवेत, कतार, ओमान र साउदीका लागि यात्रा गर्नेले स्वघोषणा गर्नुपर्नेसहितका कठोर प्रावधान थिए । यही कठोर प्रावधान छलेर गिरोहमार्फत रकम बुझाउने र त्यही गिरोहको नेटवर्कबाट विदेश पुग्ने प्रवृत्ति नरोकिएपछि विवादित प्रावधान हटाउनुपर्ने बहस भएको थियो । सोही विवादास्पद प्रावधान हटाएर अब वैध राहदानी/भिसा, एकतर्फी टिकट र स्वघोषणा भए पुग्ने प्रावधान राखिएको हो ।

# ताप्लेजुङको घुन्सा र फलेटारमा फल्यो स्याउ

ताप्लेजुङ : यहाँको फक्ताङलुङ गाउँपालिका–६ अन्तर्गतका हिमाली बस्ती घुन्सा र फलेटारमा स्याउखेतीको परीक्षण सफल भएको छ।

विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो शिखर कञ्चनजङ्घा आधार शिविर प्रवेशद्वारमा अवस्थित फले र घुन्सामा इटालीबाट ल्याइएका बिरुवा रोपिएको थियो। रोपेको छ महिनामै स्याउ फल्न थालेपछि स्थानीय आशावादी बनेका छन्। हिमाली भूभागमा स्याउखेतीको यो सफल प्रयासले ताप्लेजुङमात्र होइन, सम्पूर्ण पूर्वी हिमाली क्षेत्रका किसानका लागि व्यावसायिक स्याउखेतीको नयाँ सम्भावना देखाएको छ।

फलेटार र ग्याप्ला क्षेत्रमा विगतदेखि नै स्याउखेती हुँदै आएको भए पनि घुन्सामा पहिलोपटक परीक्षण गरिएको हो। मनाङ एग्रो फार्मको समन्वयमा इटालीबाट ल्याइएका 'फुजी' र 'गोल्डेन डेलिसियस' प्रजातिका स्याउका बिरुवा रोपिएको थियो। पुतली सहयोग योजना, स्वीट्जरल्याण्डको टोली र स्थानीय समुदायको साझेदारी तथा पुतली सहयोग आयोजनाको सहकार्यमा दिगो पर्यावरणीय कृषि प्रणाली कार्यक्रमअन्तर्गत फलेटार र घुन्सामा दुईदुई रोपनी क्षेत्रफलमा नमुना स्याउ बगैँचा विस्तार गरिएको छ। घुन्साका स्थानीय नुपुङुण्डुक शेर्पा अहिले आफ्नै स्याउ बगैँचा विस्तार गर्ने योजनामा छन्। 'हामीले घुन्सामा र फलेमा रोपिएको स्याउ खायौँ। मीठो स्वादको स्याउ फल्यो। अब घुन्सा क्षेत्रमा स्याउखेती गर्ने योजनामा छौँ, उनले भने।

घुन्सामा उत्पादन भएको स्याउ सफल परीक्षण भएसँगै थप आम्दानीको स्रोत बढ्ने भन्दै स्थानीयवासी उत्साहित भएको शेर्पाले बताए।

घुन्सास्थित नमुना बगैँचामा ६० जापानिज फुजी (पोथी), १० गोल्डेन डेलिसियस (भाले) र १० काला (भाले) प्रजातिका स्याउका बिरुवा छन्। बगैँचामा जैविक विविधता कायम गर्न घार मौरी र कुखुरापालन गरिएको छ, यसले स्याउका फूलमा परागसेचनमा सहयोग पुर्याउने र माटो उर्बर बनाउने काम गरेको छ। स्याउखेतीको सम्भाव्यता अध्ययनका लागि चार वर्षअघि फलेटार र घुन्साको माटो स्वीट्जरल्याण्डमा परीक्षण गरिएको थियो। त्यसैगरी, फले र घुन्सामा उत्पादित स्याउको गुणस्तर परीक्षण पनि सफल भएको छ। स्वीट्जरल्याण्डबाट आएका स्याउ विशेषज्ञ टोलीले स्वाद, दाना र चिनीको मात्रा परीक्षण गर्दा सकारात्मक नतिजा प्राप्त भएको हो।

पुतली सहयोग योजनाका जिल्ला संयोजक दावाछिरिङ शेर्पाका अनुसार घुन्सामा उत्पादित स्याउ प्रजातिमध्ये फुजीमा १३ ब्रिक्स, गालामा १३।५ ब्रिक्स र गोल्डेनमा १७ ब्रिक्स चिनीको मात्रा पाइएको छ। यस्तै फलेमा उत्पादन भएका स्याउमध्ये फुजीमा १२ ब्रिक्स, गालामा १३।५ ब्रिक्स र गोल्डेनमा १५ ब्रिक्स मापन गरिएको छ

# क्षतिको विवरण उपलब्ध गराउन संघीय मामिला मन्त्रालयको आग्रह




झापा(प्रस) । सरकारले गत भदौ २३ र २४ गते भएको जेनजीको आन्दोलनका कारण भएको क्षतिको विवरण उपलब्ध गराउन सबै गाउँपालिका र नगरपालिकालाई आग्रह गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरी क्षतिको विवरण उपलब्ध गराउन आग्रह गरेको छ । मन्त्रालयले यही कात्तिक २७ गते एक पत्रमार्फत आन्दोलनका क्रममा भएको क्षतिको विवरण अनलाइन पोर्टलमा प्रविष्ट गर्न पत्राचार गरिएको उल्लेख गरेको छ । मन्त्रालयले क्षतिको विवरण अनलाइन पोर्टलमा प्रविष्ट गर्नेसम्बन्धी आवश्यक जानकारी गराउन भनिएको छ । पुनः निर्माणलगायतका कामका लागि विवरण उपलब्ध गराउन भनिएको मन्त्रालयले स्पष्ट पारेको छ ।

सरकारले आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन तथा पुनः निर्माण योजना तयारीका लागि गत असोज ५ गतेको मन्त्रिपरिषद्को बैठकले पाँच सदस्यीय समिति गठन गरेको थियो ।

तथ्याङ्क सङ्कलनमा एकरूपता र सहजताका लागि समितिले अनलाइन पोर्टल तयार गरी सम्बन्धित स्थानीय तहले स्थानीय तह अन्तर्गतका कार्यालय, स्थानीय तह भित्रका विवरण गर्न भनिएको हो । क्षतिको तथ्याङ्क प्रविष्ट गर्न छुट भएको भए मन्त्रालयले तयार पारेको पोर्टलमा विवरण उपलब्ध गराउन र अपलोड गर्न अनुरोध गरिएको छ ।

# तीन महिनामा ३५.४ प्रतिशतले बढ्यो रेमिट्यान्स

झापा(प्रस)।देशको अर्थतन्त्रलाई टेवा दिने प्रमुख आधार विप्रेषण (रेमिट्यान्स) आप्रवाह चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो ३ महिनामा (असोज महिनासम्म) उच्च वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३५.४ प्रतिशतले वृद्धि भई ५ खर्ब ५३ अर्ब ३१ करोड पुगेको हो ।

यो वृद्धिदर अघिल्लो आर्थिक वर्ष २०८१/८२ को सोही अवधिको भन्दा ३५.४ प्रतिशतले बढी हो । गत आवको पहिलो तीन महिनामा ४ खर्ब ७ अर्ब ३१ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको थियो । वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या बढ्दै गएपछि उनीहरूले पठाउने रेमिट्यान्स पनि बढ्दै गएको छ ।

तथ्याङ्क अनुसार असोज महिनामा मात्रै २ खर्ब १ अर्ब २२ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । मासिक रुपमा यो हालसम्मकै उच्च हो । गत वर्षको असोज महिनामा १ खर्ब ४४ अर्ब १७ करोड रुपैयाँ रेमिट्यान्स आएको थियो ।नेपाली मुद्रामा भएको उच्च वृद्धिसँगै अमेरिकी डलरमा पनि विप्रेषण आप्रवाह उत्साहजनक देखिएको छ । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.२ प्रतिशतले वृद्धि भई ३ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा डलरमा यस्तो आप्रवाह १०.६ प्रतिशतले बढेको थियो । विप्रेषण आप्रवाहमा भएको यो विशाल वृद्धिको प्रमुख कारण वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्यामा भएको उल्लेखनीय वृद्धि हो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या १,२३,४५९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो संख्या १,१०,६५४ रहेको थियो ।

त्यसैगरी पुनः श्रम स्वीकृति लिनेको संख्या पनि ह्वात्तै बढेको छ । यस अवधिमा ७७, २५७ जनाले पुनः श्रम स्वीकृति लिएका छन्, जबकि अघिल्लो वर्ष ५९,९३९ जनाले मात्रै नवीकरण गरेका थिए ।


## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ